12th of September 2026 (Saturday)

National News

मुख्य समाचार

- राष्ट्रपति मुर्मुद्वारा इरानी राष्ट्रपतिसँग भेटवार्ता।।
- ब्रिक्स शिखर सम्मेलनलाई ऐतिहासिक अवसरका रूपमा लिनुपर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ।।
- गुरु ग्रन्थ साहिब प्रकाश पर्वमा अमित शाहद्वारा शुभकामना ।।
- जनस्वास्थ्यको सुरक्षा राष्ट्रिय सुरक्षाका लागि आवश्यक रहेको स्वास्थ्य मन्त्री  जे.पी. नड्डाको  जोड।।
- ब्रिक्स राष्ट्रद्वारा विश्वमा जारी द्वन्द्व र बढ्दो तनावप्रति गम्भीर चिन्ता व्यक्त ।।

समाचार विस्तारमा

राष्ट्रपति द्रौपदी मुर्मु

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा इरानका राष्ट्रपतिसँग भेटवार्ता गर्नुभएको छ। ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन इरानी राष्ट्रपति नयाँ दिल्ली आउनुभएको हो। उहाँले हिजो प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्नुभएको थियो।

भेटमा पश्चिम एसियाको पछिल्लो अवस्थाबारे विचार आदानप्रदान भएको थियो। प्रधानमन्त्री मोदीले सबै विषय संवाद र कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्ने भारतको निरन्तर अडान दोहोऱ्याउनुभएको थियो। साथै, क्षेत्रमा दीर्घकालीन शान्ति र स्थिरता कायम गर्न तथा समुद्री आवागमन, व्यापार र समुद्री यात्रुहरूको सुरक्षा सुनिश्चित गर्न निरन्तर प्रयास आवश्यक रहेकोमा जोड दिनुभएको थियो।

प्रधानमन्त्री नरेन्द्र मोदी(ब्रिक्स)

भारतको अध्यक्षतामा १८औँ ब्रिक्स शिखर सम्मेलन नयाँ दिल्लीस्थित भारत मण्डपममा जारी छ। उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले पछिल्ला २० वर्षमा ब्रिक्सले विश्व मञ्चमा आफ्नो पहिचान स्थापित गरेको बताउँदै यस सम्मेलनलाई ऐतिहासिक अवसरका रूपमा उल्लेख गर्नुभएको छ।

प्रधानमन्त्री मोदीले विश्व शासन व्यवस्थाका लागि १० बुँदे मार्गचित्र प्रस्ताव गर्नुभएको छ। उहाँले संयुक्त राष्ट्र सुरक्षा परिषद्को सुधार अब ढिला गर्न नहुने बताउँदै विश्व दक्षिणले विश्वव्यापी नियम निर्माणमा महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिनुभएको छ। साथै, समुद्री

यात्रुहरूको सुरक्षा सुनिश्चित गर्न ब्रिक्स सदस्य राष्ट्रबीच समुद्री कामदारहरूको सञ्जाल स्थापना गर्ने प्रस्ताव पनि गर्नुभएको छ।

गृहमन्त्री अमित शाह

केन्द्रीय गृहमन्त्री अमित शाहले आज गुरु ग्रन्थ साहिब प्रकाश पर्वका अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ। उहाँले गुरु गोविन्द सिंहले गुरु ग्रन्थ साहिबलाई 'गुरु'को दर्जा प्रदान गर्दै जीवनमा साँचो मार्गदर्शन ज्ञान, सत्य र सिद्धान्तबाट प्राप्त हुने सन्देश दिनुभएको बताउनुभएको छ।

उहाँले पवित्र ग्रन्थमा सेवा, त्याग, समानता, करुणा र मानवतासम्बन्धी अमूल्य शिक्षा रहेको उल्लेख गर्दै यी शिक्षाले सधैँ मानव कल्याणका लागि समाजलाई प्रेरणा दिइरहने बताउनुभएको छ।

मन्त्री जे.पी. नड्डा

केन्द्रीय स्वास्थ्य मन्त्री जे.पी. नड्डाले जनस्वास्थ्यको सुरक्षा राष्ट्रिय सुरक्षाका लागि अत्यन्त महत्वपूर्ण रहेको बताउनुभएको छ। उहाँले आज आन्ध्र प्रदेशमा १० वटा क्रिटिकल केयर ब्लक र १२ वटा एकीकृत जनस्वास्थ्य प्रयोगशालाको उद्घाटन गर्नुभयो।

मन्त्री नड्डाले नयाँ स्वास्थ्य सुविधाले गम्भीर बिरामीको उपचार तथा रोगको जोखिम समयमै पहिचान गर्न राज्यको क्षमता बढाउने बताउनुभयो। उहाँले कोभिड महामारीले आपत्कालीन अवस्थामा नियमित स्वास्थ्य सेवा प्रभावित नगरी तत्काल उपचार गर्न सक्ने पूर्वाधारको आवश्यकता देखाएको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री आयुष्मान भारत स्वास्थ्य पूर्वाधार अभियानअन्तर्गत देशभर ६३१ क्रिटिकल केयर ब्लक स्वीकृत गरिएको छ। आन्ध्र प्रदेशमा यस योजनाअन्तर्गत पाँच वर्षका लागि १ हजार २७१ करोड ८० लाख रुपैयाँ विनियोजन गरिएको छ। राज्यमा २४ क्रिटिकल केयर ब्लकका लागि करिब ६०६ करोड रुपैयाँ स्वीकृत गरिएको मन्त्री नड्डाले बताउनुभयो।

ब्रिक्स घोषणापत्र २०२६

ब्रिक्स राष्ट्रहरूले विश्वका विभिन्न भागमा जारी द्वन्द्व र बढ्दो तनावप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। नयाँ दिल्ली घोषणापत्र २०२६ मा विश्वमा बढ्दो सैन्य खर्चप्रति पनि चिन्ता जनाइएको छ। विश्वका विभिन्न समस्याको समाधानका लागि बहुपक्षीय सहकार्यमा जोड दिइएको छ।

ब्रिक्स राष्ट्रहरूले पश्चिम एसियामा बढ्दो तनावप्रति चिन्ता व्यक्त गर्दै सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेका छन्। संवाद र कूटनीतिक माध्यमबाट दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता कायम गर्न प्रयास बढाउनुपर्नेमा जोड दिइएको छ।
गाजामा युद्धविराम कायम गर्न तथा नागरिकलाई निर्बाध मानवीय सहायता उपलब्ध गराउन पनि आह्वान गरिएको छ। ब्रिक्स राष्ट्रहरूले आतंकवादका सबै प्रकारको कडा निन्दा गर्दै जम्मु–कश्मीरमा गत वर्ष २२ अप्रिलमा भएको आतंकवादी आक्रमणको भर्त्सना गरेका छन्।

<u>शिक्षामन्त्री प्रल्हाद जोशी</u>

केन्द्रीय शिक्षामन्त्री प्रल्हाद जोशीले ब्रिक्स शिखर सम्मेलन २०२६ अन्तर्गत भारत इनोभेट्स प्रदर्शनीले उच्च शिक्षा तथा अनुसन्धान संस्थाबाट विकसित नवप्रवर्तनलाई विश्वसामु पुऱ्याउने लक्ष्य राखेको बताउनुभएको छ। प्रदर्शनीमा सहभागी सबै विशिष्ट अतिथिको स्वागत गर्न पाउनु देशका लागि गर्वको विषय भएको उहाँले उल्लेख गर्नुभयो।
मन्त्री जोशीले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको नवप्रवर्तन प्रणाली तीव्र रूपमा विकास भइरहेको जानकारी दिनुभयो। भारत इनोभेट्सको यात्राले विश्वस्तरमा प्रभाव पार्न सफल भएको उहाँले भन्नुभयो।

<u>न्याय मन्त्री अर्जुनराम मेघवाल</u>

केन्द्रीय कानुन तथा न्याय मन्त्री अर्जुनराम मेघवालले आज नयाँ दिल्लीमा भारतीय चार्टर्ड एकाउन्टेन्ट संस्थानद्वारा आयोजित दीक्षान्त समारोहमा सहभागिता जनाउनुभयो। देशभर 23 स्थानमा आयोजना गरिएको समारोहमा उहाँले परीक्षा उत्तीर्ण गरेका नयाँ चार्टर्ड एकाउन्टेन्टलाई सदस्यता प्रमाणपत्र प्रदान गर्नुभयो।
मन्त्री मेघवालले विकसित भारतको लक्ष्य, तीव्र गतिमा बढिरहेको भारतीय अर्थतन्त्र र देशको आर्थिक विकासमा चार्टर्ड एकाउन्टेन्टको महत्वपूर्ण भूमिकाबारे छलफल गर्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले विकास र प्रगतिका नयाँ उपलब्धि हासिल गरिरहेको उहाँले बताउनुभयो।
युवा चार्टर्ड एकाउन्टेन्टको ज्ञान, प्रतिबद्धता र योगदानले देशको विकासलाई थप गति दिन तथा बलियो र समृद्ध विकसित भारत निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्ने उहाँले उल्लेख गर्नुभयो।

## चाइना सदर्न एयरलाइन्स

चाइना सदर्न एयरलाइन्सले यसै महिनाको २१ तारिखदेखि ग्वाङ्झाउ र नयाँ दिल्लीबीच नियमित यात्रुवाहक उडान पुनः सुरु गर्ने जनाएको छ। कोभिड–१९ महामारीपछि करिब ६ वर्षदेखि रोकिएको हवाई सेवा पुनः सञ्चालन हुन लागेको हो।
चिनियाँ राष्ट्रपति सी चिनफिङ ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन भारत भ्रमणमा रहेका बेला यो घोषणा गरिएको हो। यसै वर्षको मार्चमा भारतीय विमान सेवा इन्डिगोले पनि सांघाई र कोलकाताबीच दैनिक उडान सुरु गरेको थियो।

## दिल्ली मेट्रो

दिल्ली मेट्रो रेल कर्पोरेसनले भोलि सबै लाइनमा बिहान ६ बजेदेखि मेट्रो सेवा सञ्चालन गर्ने जनाएको छ। परीक्षामा सहभागी हुने विद्यार्थी तथा सर्वसाधारणलाई सहज र समयमै यात्रा गर्न सुविधा पुऱ्याउने उद्देश्यले सेवा बिहानैदेखि सुरु गर्न लागिएको हो।
डीएमआरसीले विद्यार्थी तथा यात्रुलाई आफ्नो यात्रा सोहीअनुसार योजना बनाउन आग्रह गरेको छ।

## भारतीय रिजर्भ बैंक

सेप्टेम्बर ४ मा समाप्त भएको हप्तामा भारतको विदेशी मुद्रा सञ्चिति ४४ दशमलव ९ अर्ब डलरले बढेर ७८५ दशमलव ७ अर्ब डलरको नयाँ उच्च स्तरमा पुगेको छ।
भारतीय रिजर्भ बैंकका अनुसार विदेशी मुद्रा सम्पत्ति पनि ४७ दशमलव ४९ अर्ब डलरले बढेर ६४८ दशमलव १६ अर्ब डलर पुगेको छ।

## भारतीय मौसम विभाग

भारत मौसम विज्ञान विभागले आज छत्तीसगढ, तेलङ्गाना र विदर्भमा भारीदेखि अति भारी वर्षाको सम्भावनालाई ध्यानमा राख्दै सुन्तला सतर्कता जारी गरेको छ। भोलिसम्म उत्तराखण्ड, गुजरात, कोंकण, गोवा, मध्य प्रदेश, महाराष्ट्र र छत्तीसगढमा पनि भारी वर्षाको सम्भावना रहेको छ।

टी–२० शृङ्खला

क्रिकेटमा भारतले अफगानिस्तानसँगको तीन खेलको टी–२० अन्तर्राष्ट्रिय शृङ्खला भोलिदेखि नयाँ दिल्लीको अरुण जेटली स्टेडियममा सुरु गर्नेछ। तीनवटै खेल यही मैदानमा हुनेछन्। भारतले अफगानिस्तानविरुद्ध खेलेका नौ टी–२० मध्ये आठमा जित हासिल गरेको छ भने एक खेल नतिजाविहीन भएको थियो। आयरल्यान्ड र इङ्ल्यान्डविरुद्धको पराजयपछि भारतीय टोली शृङ्खलामा लय फर्काउने लक्ष्यमा हुनेछ।